श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०२५ सालको ऐन नं २५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

औद्योगिक व्यवसाय ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– औद्योगिक व्यवसाय ऐन, २०१८ (यस ऐनमा यसपछि मूल ऐन भनिएको) मा केही संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "औद्योगिक व्यवसाय (संशोधन) ऐन, २०२५" रहेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा २ मा संशोधनः– (१) मूल ऐनको दफा २ को खण्ड (क) को उप-खण्ड (५) पछि "वा" थपि देहाय बमोजिमको उप-खण्ड (६) थपिएको छः–

(६) पर्यटन सम्बन्धी कुनै कार्य ।

(२) मूल ऐनको खण्ड (ग), (घ), (ङ) र (छ) को सट्टा देहाय बमोजिमको खण्ड (ग), (घ), (ङ) र (छ) राखिएको छ र खण्ड (ज) खारेज गरिएको छः–

(ग) साना उद्योग भन्नाले रू. पचास हजार भन्दा बढी रू. पाँच लाखसम्म पूंजी लगानी भएको उद्योग सम्झनु पर्छ ।

(घ) मझौला उद्योग भन्नाले रू. पाँच लाख भन्दा बढी रू. दश लाखसम्म पूंजी लगानी भएको उद्योग सम्झनु पर्छ ।

(ङ) ठूला उद्योग भन्नाले रू. दश लाख भन्दा बढी पूंजी लगानी भएको उद्योग सम्झनु पर्छ ।

(छ) तोकिएको वा तोकिए बमोजिम भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. मूल ऐनको दफा ३ मा संशोधनः– मूल ऐनको दफा ३ को सट्टा देहाय बमोजिमको दफा ३ राखिएको छः–

३. उद्योगको स्थापनाः– (१) नेपाल अधिराज्यभित्र रू. पचास हजार भन्दा बढी लगानी हुने कुनै उद्योग स्थापना गर्न चाहने व्यक्तिले तोकिए बमोजिम श्री ५ को सरकारको अनुमति लिनु पर्छ ।

(२) कुनै व्यक्तिले उद्योग स्थापना गर्न अनुमति मागेमा श्री ५ को सरकारले तत् सम्बन्धी योजना, सो उद्योगको वाञ्छनीयता, र व्यवहारिकता विचार गरी उद्योग स्थापित गर्न अनुमति दिन सक्नेछ ।

तरः– (क) घरेलु तथा ग्रामीण उद्योग वा साना उद्योगको स्थापना गर्न नेपाली नागरिक वा नेपाली नागरिकहरूद्वारा स्थापित संगठित संस्था वा फर्मलाई मात्र अनुमति दिइने छ ।

(ख) श्री ५ को सरकारले बिदेशी नागरिक वा बिदेशी नागरिक-हरूको संगठित संस्था वा फर्मलाई समेत मझौला वा ठूला उद्योग स्थापना गर्न अनुमति दिन सक्नेछ ।

(ग) प्रतिरक्षा सम्बन्धी उद्योग श्री ५ को सरकारले बाहेक अरू कसैले स्थापना वा सञ्चालन गर्न पाउने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) यस ऐन बमोजिम अनुमति नलिई कसैले कुनै उद्योगको स्थापना गरेमा श्री ५ को सरकारले त्यस्तो उद्योग बन्द गर्न सक्नेछ ।

४. मूल ऐनको दफा ४ मा संशोधन– मूल ऐनको दफा ४ को सट्टा देहाय बमोजिमको दफा ४ राखिएकोछः–

४. उद्योगको वर्गीकरणः– (१) यस ऐन बमोजिम सहुलियत तथा सुविधा दिने प्रयोजनको लागि उद्योगहरूलाई देहायका चार प्रकारमा वर्गीकरण गरिएकोछः–

(क) वर्ग "क" उद्योग,
(ख) वर्ग "ख" उद्योग,
(ग) वर्ग "ग" उद्योग, र
(घ) वर्ग "घ" उद्योग ।

(२) वर्ग "क" उद्योग भन्नाले देहायको कुनै उद्योग सम्झनु पर्छः–

(क) स्वदेशी वा बिदेशी कच्चा पदार्थ उपयोग गर्ने र उत्पादित वस्तुको खपत मुख्यतः नेपालभित्रै हुने तथा नेपालमा त्यस्तो वस्तुको आयात घटाउने उद्योग वा,

(ख) स्वदेशी कच्चा पदार्थ अधिकतम मात्रामा प्रयोग गर्ने र उत्पादित वस्तु मुख्यतः नेपाल बाहिर निर्यात गर्ने निर्यात प्रधान उद्योग, वा

(ग) कृषि बिकास वा अन्य विकासलाई सहायक हुने कृषि औजार, रसायनिक मल, सिमेन्ट, फलाम, बिजुली इत्यादि उत्पादन गर्ने आधारभूत उद्योग ।

(३) वर्ग "ख" उद्योग भन्नाले पर्यटन सम्बन्धी कुनै उद्योग वा कुनै घरेलु ग्रामीण उद्योगलाई सम्झनु पर्छ ।

(४) वर्ग "ग" उद्योग भन्नाले स्वदेशी कच्चा पदार्थ जस्तै घिउ, सुँगुरको जगर, जडीबूटी इत्यादि प्रशोधन गर्ने उद्योगलाई सम्झनु पर्छ ।

(५) वर्ग "घ" उद्योग भन्नाले परिवर्त्य विदेशी विनिमयबाट कच्चा पदार्थ आयात गरी सबै वा अधिकांश उत्पादित वस्तुको निर्यात नेपाल बाहिर गर्ने उद्योगलाई सम्झनु पर्छ ।

(६) उप-दफा (२), (३), (४) र (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै उद्योग एकभन्दा बढी वर्गमा पर्ने भएमा वा कुनै वर्गमा पनि नपर्ने भएमा सो उद्योगलाई कुन वर्गमा राख्ने भन्ने कुराको निर्णय श्री ५ को सरकारले गर्नेछ ।

५. मूल ऐनको दफा ६ ख. मा संशोधनः– मूल ऐनको दफा ६ ख. को सट्टा देहाय बमोजिमको दफा ६ ख. राखिएको छ :–

६ख. व्यबहारिक समानताः– दफा ३ मा अन्त्यमा लेखिएकोमा बाहेक, उद्योग सम्बन्धी कुनै काम कारोवारमा नेपाल अधिराज्यभित्र उद्योग स्थापना गर्ने विदेशी नागरिक वा विदेशी नागरिकद्वारा स्थापित संगठित संस्था वा फर्म र नेपाली नागरिक वा नेपाली नागरिकद्वारा स्थापित संगठित संस्था वा फर्मको बीचमा कुनै प्रकारको भेदभाव गरिने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित भएकोछ मात्र लागु हुनेछ।

६. मूल ऐनको दफा ९ संशोधनः– मूल ऐनको दफा ९ को सट्टा देहाय बमोजिम दफा ९ राखिएको छः–

९. उद्योगहरूलाई दिइने संरक्षण, सुविधा तथा सहुलियतहरूः– (१) श्री ५ को सरकारले वर्ग "क" मा पर्ने प्रत्येक उद्योगलाई–

(क) सो उद्योगबाट उत्पादित हुने वस्तुसित प्रतिस्पर्धा गर्ने किसिमका विदेशी वस्तुहरूको आयातमा कम्तीमा ५ वर्ष संरक्षणात्मक पैठारी महसूल लगाई संरक्षण दिनेछ ।

(ख) सो उद्योगबाट आयात हुने मेशिनरी पार्ट पूर्जा तथा आधारभूत कच्चा पदार्थहरूमा पूरै वा आंशिक भन्सार महसूलको सुविधा दिई संरक्षण दिनेछ ।

(ग) सो उद्योगबाट उत्पादन भएको मुनाफामा बढीमा १० वर्षसम्म आयकर शत् प्रतिशत मिह्ना दिनेछ ।

(घ) सो उद्योगमा लगानी भएको परिवर्त्य विदेशी पूंजीको १० प्रतिशतसम्म र त्यस्तो पूंजीको दामासाहीले हुने मुनाफाको २५ प्रतिशतसम्म प्रत्येक वर्ष विदेशमा लैजान छूट दिनेछ र सो प्रयोजनका लागि आवश्यक परिवर्त्य विदेशी विनिमय उपलब्ध गराई दिनेछ ।

(ङ) मेशिन, पार्टपूर्जा तथा अन्य आवश्यक मालसामान नेपाल बाहिरबाट आयात गर्न आवश्यक भएमा विदेशी विनिमय उपलब्ध गराई दिनेछ ।

तर, अन्य मुलुकहरूमा आफ्नो उत्पादन निर्यात गर्ने उद्योगलाई त्यस्तो सुविधा सो उद्योगले उत्पादन शुरू गरेपछि बढीमा दुई वर्षसम्मको लागि मात्र दिइनेछ ।

(च) विदेशी प्राविधिज्ञहरूको पारिश्रमिकको लागि विदेशी विनिमय व्ययभार पर्ने भएमा सो व्ययभार वहन गर्न आवश्यक विदेशी विनिमय उपलब्ध गराई दिनेछ ।

(२) श्री ५ को सरकारले वर्ग "(ख)" मा पर्ने प्रत्येक उद्योगलाई वर्ग "(क)" उद्योग सरह उप-दफा (१) बमोजिम संरक्षण, सुविधा तथा सहुलियतहरू दिनेछ ।

तरः– (क) घरेलु ग्रामीण उद्योगलाई उप-दफा (१) को खण्ड (घ) बमोजिमको सुविधा प्राप्त हुने छैन ।

(ख) त्यस्ता उद्योगलाई पहिलो पटक उत्पादन वा सेवा प्रारम्भ गरेको बढीमा ५ वर्षसम्मलाई मात्र आयकर मिह्ना दिइने छ र त्यसपछि सो उद्योगको आवश्यकता र उपादेयता हेरी पुनः ५ वर्षसम्मलाई आयकर मिह्ना दिन सकिने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) त्यस्तो उद्योग मध्ये पर्यटन सम्बन्धी उद्योग श्री ५ को सरकारको पर्यटन विभागद्वारा प्रमाणित नभएसम्म यस ऐन बमोजिमको संरक्षण, सुविधा वा सहुलियत पाउने छैन :

(३) श्री ५ को सरकारले वर्ग "(ग)" मा पर्ने प्रत्येक उद्योगलाई वर्ग "(क)" उद्योग सरह उप-दफा (१) बमोजिमको संरक्षण, सुविधा तथा सहुलियतहरू दिइनेछ ।

तरः– (क) त्यस्तो उद्योगलाई बढीमा ५ वर्षसम्मका लागि मात्र आयकर मिह्ना र निकासी भन्सार महसूल सहुलियत दिइने छ ।

(ख) त्यस्तो उद्योगको उपादेयता एवं आवश्यकता हेरेर मात्र मेशिन, पार्टपूर्जा र अन्य आवश्यक मालसामानको आयात गर्नका लागि विदेशी विनिमय उपलब्ध गराउने छ ।

(४) श्री ५ को सरकारले वर्ग "(घ)" मा पर्ने प्रत्येक उद्योगलाई सो उद्योगले आयात गरेको कच्चा पदार्थको मोल बराबर वा सोभन्दा बढी मोलको आफ्नो उत्पादन निर्यात गरी परिवर्त्य विदेशी विनिमय आर्जन गरेमा वर्ग "(क)" सरह उप-दफा (१) बमोजिमको संरक्षण, सुविधा तथा सहुलियतहरू दिनेछ । सो बमोजिम परिवर्त्य विदेशी विनिमय आर्जन नगर्ने वर्ग "(घ)" मा पर्ने उद्योगलाई उप-दफा (१) बमोजिम कुनै संरक्षण, सुविधा तथा सहुलियत दिइने छैन ।

(५) श्री ५ को सरकारले आवश्यकतानुसार उद्योगहरूलाई प्रोत्साहन तथा संरक्षण प्रदान गर्न तोकिएको अन्य सुविधा तथा सहुलियतहरू पनि दिन सक्नेछ ।

(६) यस दफाका अन्य उप-दफाहरूमा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका उद्योगहरूलाई आयकर मिह्ना दिइने छैन, सो बाहेक अन्य सुविधा तथा सहुलियत श्री ५ को सरकारले मनासिब सम्झेमा दिन सक्नेछः–

(क) चामल, तेल, पीठो, काठ, प्रिंटिंग प्रेस, फर्निचर, कन्फेक्सनरी, बेकरी, वा इँटा भट्टा सम्बन्धी उद्योग,

(ख) मिश्री ,खाँडसारी, बिडी, जर्दा, स्टेशनरी मालसामान वा सोडा बनाउने उद्योग,

(ग) धुलाइ, सिलाइ वा बुनाइको काम गर्ने उद्योग, र

(घ) जूट प्रेस, पोल्ट्री फार्म ।

(७) उप-दफा (६) मा जुनसुकै कुरा लेखिएको भएतापनि चामल, तेल, पीठो, वा काठ सम्बन्धी कुनै उद्योगले आफ्नो उत्पादन समुद्रपार निर्यात गरेमा त्यस्तो निर्यातबाट हुने आयमा आयकरमा पूरा वा आंशिक मिह्ना दिइने छ ।

७. मूल ऐनमा दफा १० थपः– मूल ऐनमा दफा ९ पछि देहाय बमोजिमको दफा १० थपिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. प्राप्त भैसकेका सुविधाहरूः– यो दफा प्रारम्भ हुनुभन्दा अगावै यस ऐन बमोजिम कुनै उद्योगले प्राप्त गरी सकेका सुविधाहरू साविक बमोजिम कायम रहेको मानिने छ ।

तरः– (क) यो दफा प्रारम्भ हुनुभन्दा अगावै कुनै चीज उत्पादन गर्ने उद्योगलाई आयकरका सम्बन्धमा दिइएको सुविधा सो उद्योगको उत्पादनबाट हुने मुनाफाका हकमा मात्र दिइने छ ।

(ख) कुनै उद्योगले आफ्नै तर्फबाट विदेशी बिनिमय लगाउने गरी उद्योग स्थापना गर्ने अनुमति दिएकोमा त्यस्तो उद्योगलाई श्री ५ को सरकारले लिखितरूपमा विदेशी विनिमयको सुविधा वा सहुलियत दिएकोमा बाहेक यो ऐन प्रारम्भ भएपछि त्यस्तो सुविधा वा सहुलियत प्राप्त हुने छैन ।

८. मूल ऐनमा दफा ११ थपः– मूल ऐनमा दफा १० पछि देहायको दफा ११ थपिएको छः–

११. उद्योगहरूमा श्री ५ को सरकारको नियन्त्रणः– (१) देहायका विषयमा श्री ५ को सरकारले उद्योगहरूलाई आवश्यक निर्देशन दिन सक्नेछ :–

(क) उद्योगको उत्पादन वा सेवा सम्बन्धी विषयहरू, वा

(ख) उद्योगबाट उत्पादन हुने चीजको मूल्य, स्तर, गुण, वितरण इत्यादि विषयहरू ।

(२) उप-दफा (१) बमोजिम श्री ५ को सरकारले दिएको निर्देशन पालन नगर्ने उद्योगमा श्री ५ को सरकारले आफ्नो प्रतिनिधि खटाई निजको देखरेखमा सो उद्योग सञ्चालन गराउन सक्नेछ ।

९. मूल ऐनमा दफा १२ थपः– मूल ऐनमा दफा ११ पछि देहाय बमोजिमको दफा १२ थपिएको छः–

१२. मध्यस्थताः– (१) कुनै उद्योग र श्री ५ को सरकारको बीचमा कुनै विषयमा मतभेद भएमा त्यस सम्बन्धमा श्री ५ को सरकारले मध्यस्थता गराउन सक्नेछ ।

(२) उप-दफा (१) को प्रयोजनका लागि देहायका तीन जना मध्यस्थहरू रहने छन्ः–

(क) सर्वोच्च अदालतका एक जना न्यायाधीश,

(ख) श्री ५ को सरकारव्दारा मनोनीत एक जना मध्यस्थ,

(ग) सम्बन्धित उद्योगद्वारा मनोनीत कुनै एक जना मध्यस्थ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) यस दफा बमोजिम मध्यस्थहरूलाई सुम्पिएको कुनै विषयमा कुनै अड्डा वा अदालतमा नालिस वा उजूर लाग्ने छैन । त्यस्तो विषयमा मध्यस्थहरूले गरेको निर्णय यस दफामा लेखिएको अन्य कुराहरूका अधिनमा रही सम्बन्धित पक्षहरूले मान्न कर लाग्नेछ ।

(४) मध्यस्थहरूले आफ्नो काम कारबाईको सिलसिलामा सबूत प्रमाण बुझ्ने पक्ष वा साक्षीहरूलाई उपस्थित गराउने र लिखत दाखिल गराउने सम्बन्धमा प्रचलित नेपाल कानून बमोजिम अदालत सरहको अधिकारको प्रयोग गर्न सक्नेछन् ।

(५) कुनै मध्यस्थको मृत्यु भएमा वा निजले आफ्नो काम गर्न असमर्थता वा लापरवाही देखाएमा सो मध्यस्थ मनोनीत गर्ने पक्षले निजको सट्टा अर्को मध्यस्थ मनोनीत गर्न सक्नेछ । सो बमोजिम अर्को मध्यस्थ मनोनीत गर्न पर्ने पक्षले मध्यस्थको मनोनयन नगरेमा अर्को पक्षले पन्ध्र दिनको म्याद दिई मध्यस्थको मनोनयनका लागि लिखित सूचना दिन सक्नेछ । सो म्यादभित्र सम्बन्धित पक्षले मध्यस्थको मनोनयन नगरेमा वा सो बमोजिम मनोनीत मध्यस्थले पनि आफ्नो काम गर्न असमर्थता वा लापरवाही देखाएमा बाँकी दुई जनाले नै मध्यस्थताको काम कारवाई गर्ने र मध्यस्थता सम्बन्धी विषयमा निर्णय दिन सक्नेछ ।

(६) मध्यस्थहरूको राय आपसमा बाझिएमा बहुमतको निर्णय मान्य हुनेछ र बहुमत हुन नसकेमा सर्वोच्च अदालतमा साधक गरी सर्वोच्च अदालतले समर्थन गरेको राय बमोजिम हुनेछ ।

(७) यस दफा बमोजिम मध्यस्थहरूद्वारा भएको निर्णय अन्तिम हुनेछ र सर्वोच्च अदालतको निर्णय सरह कार्यान्वित गरिने छ । त्यस सम्बन्धमा कुनै अड्डा वा अदालतमा नालिस उजूर वा पुनराबेदन लाग्नेछैन ।

(८) यस दफामा लेखियदेखि बाहेक मध्यस्थता सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

लालमोहर सदर मिति २०२५।७।९।६

आज्ञाले–

रमानन्दप्रसाद सिंह

श्री ५ को सरकारको का. मु. सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।